आज मिति २०८०/१२/०२ गते शुक्रवार विहान ८ बजे सुनिलसम्मृति गाउँपालिका विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा ६ को उपदफा (१) बमोजिमको कोष सञ्चालन समितिका संयोजक तथा गाउँपालिका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा देहाय बमोजिमको निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| श्री मणिराम वुढाथोकी | संयोजक |
| श्री मिना थापा | सदस्य |
| श्री गोविन्द भट्टराई | सदस्य |
| श्री तुल्सि सुनार | सदस्य |
| श्री पदम प्रसाद रिजाल | सदस्य सचिव |

सहयोगि कर्मचारी

| | |
|---|---|
| श्री भुपेन्द्र खड्का | आलेप |
| श्री चेतमान विष्ट | नगर प्रहरी सहायक निरिक्षक |
| श्री दुर्योधन महरा | शाखा प्रमुख, पर्यटन, वन वातावरण तथा विपद व्यवस्थापन उपशाखा |

प्रस्ताव तथा निर्णयहरु :-

आज वसेको विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा ६ को उपदफा (१) बमोजिमको कोष सञ्चालन समितिको वैठकबाट तपसिल वमोजिमको निर्णय गरियो ।

तपसिल

१) यस गाउँपालिका वडा नं. ७ निवासी बेले कामीको मिति २०८०/११/१४ गते दिनको ३ बजेको समय घरमा आगोलागि भई घर नोक्सानी भएको भनि प्रहरी मुचुल्का, वडाको सिफारिस सहित निवेदन प्राप्त भएको हुदाँ विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा ८ (ख) बमोजिम तत्काल मर्मत संभारका लागि रु १०,०००।- (अक्षरुपी दश हजार मात्र) राहत रकम उपलब्ध गराउने गराउने ।

२) गर्मीयामसँगै वर्षातको समयपनि नजिकिदै गईरहेको अवस्थामा जुनसुकै समयमा पनि जस्तोसुकै घटना (विपद) हुन सक्ने अवस्थालाई मध्यनजर गर्दै विपदमा प्रयोग गर्न सकिने तपसिल वमोजिमको सामाग्रीहरु तत्काल खरिद गर्ने ।

तपसिल

| क्र.सं. | सामाग्रीको नाम | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | हसिया (ठुलो) | २ वटा | |
| २ | हसिया (सानो) | २ वटा | |
| ३ | दाउ | २ वटा | |
| ४ | वन्चरो | २ वटा. | |
| ५ | रेखा तान्ने | १० वटा | |
| ६ | हेल्मेट | १० वटा | |
| ७ | फलामको वाल्टी (ठुलो) | २ वटा | |
| ८ | इप्रोण | २० थान | |
| ९ | वाटर व्याग. | २ वटा | |
| १० | ग्लोवस (पुन प्रयोग) | २५ जोडा | |

३) गम्भिर विपदबाट नागरिकको जनधनको ठुलो क्षति भैरहेको अवस्थामा घर पूर्णरुपमा नष्ट भएका वा खाद्यान्न नोक्सानी भै तत्काल गुजारा गर्नका लागि वडा कार्यालयले गाउँपालिकासँग समन्वय गरी तपसिल वमोजिमको खाद्यान्न सामाग्रीहरु उपलब्ध गराउंने र उक्त सामाग्रीको भुक्तानीका लागि प्रहरी मुचुल्का, वडाको सिफारिस, सामाग्री हस्तान्तरणको भर्पाई, विपद व्यवस्थापन कोष समितिको वैठकको निर्णय प्रतिलिप सहित माग भई आएमा विपद व्यवस्थापन कोष खर्च शिर्षकबाट भुक्तानी गर्ने ।

तपसिल

| | |
|---|---|
| क) चामल | १ कट्टा (२५ KG) |
| ख) नुन | १ पोका |
| ग) तेल | १ पोका |
| घ) दाल | २ KG |
| ङ) चिउरा | ५ KG |